आज मिति २०७३ असोज १२ गते बुधबारका दिन मेचीनगर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडाज्यूको अध्यक्षतामा नगरपालिकाको बोर्ड बैठक निम्न उपस्थितिमा वस्यो ।

उपस्थिति

| | |
|---|---|
| कार्यकारी अधिकृत तथा नगरप्रमुख | श्री पशुपति खतिवडा |
| आमन्त्रित | |
| लेखा अधिकृत | श्री राजन कुमार भेटवाल |
| राजश्व शाखा प्रमुख | श्री पवित्रा कुमारी सुब्बा |
| नायब सुब्बा | श्री लक्ष्मी राई |

**निर्णय नं. १** राजश्व परामर्श समितिका मिति २०७३/०५/२९ गतेको वैठकको निर्णय सिफारीश अनुसार आ.व. २०७३/२०७४ वर्षका लागि सरसफाई सेवा शुल्क असुलीका लागि न्युनतम अङ्क रु.३१,००,०००/- कायम गरी ठेक्का व्यवस्थाद्धारा असुली गर्न मिति २०७३/०१/३१ मा प्रथम पटक सूचना प्रकाशित गर्दा रितपूर्वकको बोलपत्र पेश हुन नआएको हुदाँ पुन: मिति २०७३/०३/१० मा दोश्रोपटक र मिति २०७३/०३/२८ मा तेश्रो पटक सूचना प्रकाशित गर्दा समेत बोलपत्र पेश नभई मिति २०७३/०५/०१ मा सार्वजनिक बढाबढको सूचना प्रकाशित गर्दा समेत कसैबाट बढाबढमा संलग्न नभएको हुदाँ स्थानीय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ को उप-नियम (५) बमोजिम सेवा शुल्क असुली गर्न नियमानुसार पटक पटक सूचना आव्हान गर्दा समेत कोही कसैबाट ठेक्का लिन नआएका हुदाँ उक्त न्यूनतम अङ्क रु.३१,००,०००/- (अक्षरेपी एकतीस लाख) मा पुर्नविचार गरी १०% (दश प्रतिशत) सम्म घटाई न्युनतम अङ्क रु.२७,९०,०००/- (अक्षरेपी सताईस लाख नब्बे हजार) लाई न्युनतम वार्षिक ठेक्का अङ्क कायम गरी नियमानुसार सूचना प्रकाशित गरी सरसफाई सेवा शुल्क ठेक्का लगाउने निर्णय गरियो ।